# पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७०
## (प्रथम संशोधन, २०७१)

नेपाल सरकार माननीय (मन्त्रीस्तर) मिति २०७१-११-१२ को निर्णय वाट स्वीकृत

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## कृषि विकास मन्त्रालय
## फाल्गुन, २०७१

# पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७०
## (प्रथम संशोधन, २०७१)

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

### पृष्ठभुमी

नेपालमा दुध तथा मासुको बढ्दो मागलाई सापेक्षिक रुपमा पुर्ति गर्न पशुपालन क्षेत्रमा व्यवसायीकरण गरी पशुजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्न पशु नश्ल सुधारका साथसाथै पशु आहारा विकास गरी विस्तृत रुपमा सार्वजनिक/निजि/सहकारी/साझेदारीको माध्यमबाट राष्ट्रिय अभियानको रुपमा सञ्चालन गर्न आवश्यक भएकोले नेपाल सरकारको आ.ब. २०७०/७१ को वजेट बक्तव्य मार्फत घोषणा गरिएको पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम (फरेज मिसन) संचालन गर्न यस निर्देशिका २०७० (प्रथम संशोधन, २०७१) जारी गरिएको छ ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो निर्देशिकाको नाम "पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७० (प्रथम संशोधन, २०७१)" रहनेछ ।

(ख) यो निर्देशिका नेपाल सरकार कृषि विकास मन्त्रालयबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "निर्देशिका" भन्नाले पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७०(प्रथम संशोधन, २०७१) सम्झनु पर्छ ।

(ख) "कार्यक्रम" भन्नाले पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले घास विकास तथा पशु आहारा सुधार सम्बन्धी सेवा सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ८ बमोजिम गठित केन्द्रिय पशु आहारा विकास समन्वय समिति सम्झनु पर्छ ।

(ङ) "केन्द्र" भन्नाले सामुदायिक पशु आहारा विकास केन्द्र सम्झनु पर्छ ।

(च) "हे" भन्नाले फुल फुल्ने बेलाको घाँसलाई काटी बैज्ञानिक तरिकाले सुकाई पौष्टिकता भएको तथा चिस्यान १५ प्रतिशत भन्दा कम रहने गरी बनाईएको घासलाई सम्झनु पर्छ ।

(छ) "साईलेज" भन्नाले हरियो घाँसलाई करिव १-२ दिन छायामा सुकाई ३०-३५ प्रतिशत चिस्यान भएपछि हावारहित पिट/ट्रेन्च/टावरमा खादी तयार गरिएको गुन्द्रुकलाई सम्झनु पर्छ ।

(ज) "मिनरल ब्लक" भन्नाले युरिया, गहुं/मकैको चोकर, भटमासको पिना, मोलासेस, भिटामिन र खनिज तत्वहरुको सन्तुलित समिश्रणबाट तयार गरिएको ब्लकलाई सम्झनु पर्छ ।

(झ) "टोटल मिक्स रासन" भन्नाले कृषि उपपदार्थ, अन्न, मोलासेस, भिटामिन र खनिज तत्वहरुलाई मिसाई फिड ब्लक को रुपमा तयार गरिने सन्तुलित पशु आहारा लाई सम्झनु पर्छ ।

३. उद्देश्य :

यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन ।

(क) गुणात्मक पशु आहाराको आपुर्ति गरी दुध तथा मासुको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

(ख) पशुजन्य उत्पादनको उत्पादन लागत घटाई स्वदेशी उत्पादनलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने ।

(ग) सरकारी, गैरसरकारी तथा निजि क्षेत्रका घासेबाली तथा बीउ उत्पादक व्यवसायीक कृषक/समुह/समिति/ सहकारी, सामुदायिक पशु आहारा विकास केन्द्र, राईजोवियम तथा बीउ विजन प्रयोगशाला, चरन तथा घासेवाली बीउ बृद्धि फार्महरु तथा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको क्षमता अभिबृद्धि, श्रोत केन्द्र सुदृढीकरण र दिगो सेवा प्रदान गर्ने ।

४. अपेक्षित प्रतिफल :

४.१ ४५००० हेक्टर क्षेत्रफलमा उन्नत घांस खेती गरी पशु नश्ल सुधार राष्टिय कार्यक्रम अन्तर्गत उत्पादित उन्नत पशुहरुको लागि आवश्यक आहारा पुर्ति गर्ने ।

४.२ ३००० हेक्टर क्षेत्रफलमा बीउ उत्पादनको लागि घांस खेती गरी गुणस्तरीय बीउ उत्पादन गर्ने ।

## परिच्छेद २

## कार्यक्रम सम्बन्धी

**५. कार्यक्रमको अवधि :**

(क) यस कार्यक्रमको अवधि ५ वर्ष (आ.ब. २०७०/७१ देखि ०७४/७५ सम्म) को हुने छ ।

(ख) पहिलो ५ वर्षको कार्यक्रमको प्रभावकारिताको आधारमा सेवा अवधि विस्तार गर्न सकिने छ ।

**६. कार्यक्रम लागू हुने स्थान :**

(क) पहिलो, दोश्रो र तेश्रो चरण गरी ५ वर्षको अवधिमा पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम लागू भएका जिल्लाहरुमा ( अनुसुचि १ बमोजिम) यो कार्यक्रम लागू गरिने छ ।

(ख) उपदफा (क) बमोजिम प्रत्येक जिल्लामा स्थापित सामुदायिक पशु प्रजनन केन्द्रहरुलाई सामुदायिक पशु आहारा विकास केन्द्रको रुपमा स्थापित गरी यस कार्यक्रम संचालन गरिने छ ।

(ग) राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र, सामुदायिक पशु विकास आयोजना तथा कवुलियती वन तथा पशु विकास कार्यक्रमबाट स्थापना गरिएका सामुदायिक घास श्रोत केन्द्रहरुलाई यस कार्यक्रममा समाबेश गरिने छ ।

(घ) नयाँ सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्दा सम्वन्धित पशु सेवा केन्द्र/उपकेन्द्रको संलग्नतामा उक्त क्षेत्रमा रहेका दुग्ध उत्पादक सहकारी संस्था, घास विकास समुह/समिति, सामुदायिक वन उपभोक्ता समिती, कृषि सहकारी संस्था, स्थानीय गैर सरकारी संस्था, स्थानीय निकाय, कृषक समुह/समितीको सहकार्यमा स्थापना गरी संचालन गरिने छ ।

**७. जिल्ला छनौटका आधारहरु :**

दफा ६ को प्रयोजनको लागि जिल्लाको छनौटका आधारहरु देहाय बमोजिम हुने छ ।

(क) दुधालु स्थानीय तथा उन्नत जातका पशु नश्लका गाई भैसीहरु पर्याप्त संख्यामा रहेका, भौतिक पूर्वाधारहरु खास गरी वाटो विजुलीको सुविधा पुगेका, दुध उत्पादन पकेट क्षेत्र, घासेबालीको ब्यवसायीक बीउ/बेर्ना उत्पादन क्षेत्र निर्धारण भएका र दुध

उत्पादन बृद्धि गर्ने प्रचुर सम्भावना रहेका, घासेबाली उत्पादन गर्ने सम्भावित क्षेत्र तथा पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम संचालन भएका जिल्लाहरु यस कार्यक्रम संचालनको लागि छनौट गरिने छ ।

## परिच्छेद ३

## समिति गठन तथा सञ्चालन

**८. केन्द्रिय पशु आहारा विकास समन्वय समिति :**

(क) कार्यक्रमको नीतिगत एवं कार्यान्वयन व्यवस्थापन गर्न देहाय वमोजिमको पदाधिकारी रहेको केन्द्रिय पशु आहारा विकास समन्वय समिति रहने छ :

१) संयोजक -महानिर्देशक, पशु सेवा विभाग
२) सह-संयोजक -कार्यक्रम निर्देशक, पशु उत्पादन निर्देशनालय
३) सदस्य -प्रतिनिधि, अनुगमन तथा मूल्यांकन महाशाखा, कृषि विकास मन्त्रालय
४) सदस्य -प्रतिनिधि, योजना शाखा, पशु सेवा विभाग
५) सदस्य -प्रतिनिधि, अनुगमन तथा मुल्यांकन शाखा, पशु सेवा विभाग
६) सदस्य -प्रमुख, केन्द्रीय गाई भैसी प्रवर्द्धन कार्यालय
७) सदस्य -प्रमुख, नेपाल कृषि अनुसन्धान परिषद, पशु आहारा महाशाखा
८) सदस्य -प्रमुख, नेपाल कृषि अनुसन्धान परिषद, चरन तथा घासेबाली महाशाखा
९) सदस्य -लाइभष्टक विशेषज्ञ, राष्ट्रिय दुग्ध विकास बोर्ड
१०) सदस्य -प्रमुख प्राविधिक अधिकृत, दुग्ध विकास संस्थान
११) सदस्य -अध्यक्ष, केन्द्रीय दुग्ध सहकारी संघ
१२) सदस्य -अध्यक्ष, नेपाल डेरी एसोसिएशन
१३) सदस्य सचिव -प्रमुख, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र

(ख) उपदफा (क) वमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।
(ग) उपदफा (ख) वमोजिम समितिको बैठकमा सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

**९. केन्द्रिय पशु आहारा विकास समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ :
(क) नीति निर्माण, कार्यविधि तर्जुमा तथा कार्यक्रम संचालनको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने ।
(ख) विभिन्न केन्द्रीय निकायहरु बीच समन्वय गरी कार्यक्रम संचालन गर्न सहजता प्रदान गर्ने ।
(ग) कार्यक्रमको आवधिक रुपमा अनुगमन तथा समीक्षा सम्बन्धित निकायलाई आवश्यक पृष्ठपोषण दिने।
(घ) कार्यक्रमको लागि आवश्यक अन्य काम गर्ने, गराउने ।

**१०. जिल्ला पशु आहारा विकास समन्वय समिति :**

(क) जिल्लास्तरमा कार्यक्रम कार्यान्वयनको लागि देहाय वमोजिमको जिल्ला पशु आहारा विकास समन्वय समिति रहनेछ :

१) संयोजक -प्रमुख, जिल्ला पशु सेवा कार्यालय
२) सदस्य -प्रतिनिधि, जिल्ला विकास समिति
३) सदस्य -अध्यक्ष, जिल्ला दुग्ध उत्पादक सहकारी संघ
४) सदस्य -प्रतिनिधि, निजी डेरी एसोसिएशन
५) सदस्य -कृषक प्रतिनिधि, घास विकास श्रोत केन्द्र
६) सदस्य -आवश्यकता अनुसार आमन्त्रि
७) सदस्य सचिव - फोकल अधिकृत (प.वि.अ. वा प.चि.), जिल्ला पशु सेवा कार्यालय

(ख) उपदफा (क) वमोजिमको समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

(ग) उपदफा (ख) वमोजिम समितिको बैठकमा सम्बन्धित विज्ञ, चरन तथा घासेबाली बीउ बृद्धि फार्म प्रमुख वा प्रतिनिधि, राईजोवियम तथा बीउ विजन प्रयोगशाला वा क्षेत्रीय बीउ विजन प्रयोगशालाको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ ।

**११. जिल्ला पशु आहारा विकास समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ :

(क) उपयुक्त सहकार्य संस्था छनौट गरी सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्ने र होर्डिङ्ग वोर्ड राख्ने ।

(ख) बीउ, बेर्ना खरिद वितरण यस समितिको निर्णय र जि.प.से.का.को समन्वयबाट गर्ने गराउने । अनुसुचि ९ बमोजिम जि.प.से.का.ले तयार गरेको खरिद योजना अनुमोदन गर्ने ।

(ग) बीउ खरिद पुर्व बीउको गुणस्तर सम्बन्धीत प्रयोगशालाबाट जाँच गरेर मात्र खरिद वितरण गर्ने।

(घ) सामुदायिक पशु आहारा विकास केन्द्र सञ्चालन गर्ने संस्थाहरुसंग अनुसुची ५ वमोजिम सम्झौता गर्ने ।

(ङ) सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समुह/समिति/सहकारी मार्फत कति क्षेत्रफलमा घाँस विकास गर्ने सो निर्णय गरी सोही अनुसार बीउ/विरुवा/सेट्स उपलब्ध गराउने ।

(च) न्यूनतम Criteria पुरा गर्ने सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समुह/समिति/ सहकारीलाई सम्बन्धित उत्पादन सामग्री/उपकरणहरु उपलब्ध गराउंदा यस समन्वय समितिको निर्णय गराएर मात्र उपलब्ध गराउने । यसको लागि घास विकास सम्भाव्यता, घास तथा बीउ उत्पादनमा कृषकहरुको अग्रसरता, संलग्नता, व्यवसायीकपन र पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमको सफलताका आधारलाई मध्यनजर गरी छनौट गरी वितरण/सहकार्य गर्ने ।

(छ) जिल्लामा स्थापित सामुदायिक पशु आहारा विकास केन्द्रहरुको स्थलगत अनुगमन (अनुसुचि ७ बमोजिम) गर्ने ।

(ज) स्थानीय निकायहरु संग समन्वय गरी सामुदायिक घासेबाली बीउ कोषमा आर्थिक सहयोग जुटाउन पहल गर्ने ।

(झ) घासेबाली बीउ/बेर्ना उत्पादन गर्ने पकेट क्षेत्रहरुलाई कार्यक्रममा विशेष प्राथमिकता दिने ।

(ञ) हरियो घास तथा बीउ उत्पादन विशेष क्षेत्र जस्तै सामुदायिक बन, कवुलियती वन, अन्य उपभोक्ता कृषक/समुह/समिति/सहकारीलाई प्राथमिकता दिने ।

(ट) कार्य प्रगतिको चौमासिक समीक्षा गरी सुधार गर्ने ।

## परिच्छेद ४

## सेवा सञ्चालन सम्बन्धी

**१२. सेवा सञ्चालन प्रकृया :**

(क) यस कार्यक्रम बमोजिमको सेवा सञ्चालन प्रकृया देहाय बमोजिम हुने छ ।

१) स्थानीय गाई, भैसीको वाहुल्यता भएको गा.वि.स.हरुलाई पकेट क्षेत्रको रुपमा छनौट गर्ने ।

२) जिल्ला पशु सेवा कार्यालय संग सम्बन्धित कार्यक्रम संचालन गर्न इच्छुक स्थानीय निकाय, गैर सरकारी संस्था, दुग्ध उत्पादक सहकारी संस्था, बन उपभोक्ता समुह, दुग्ध चिस्यान केन्द्रहरु, घास विकास श्रोत केन्द्र, पशुपालन समुह/समिति/सहकारीको छनौट गरी स्थापना गरिएको सामुदायिक पशु नश्ल सुधार केन्द्र संचालक समिति लाई नै सामुदायिक पशु आहारा विकास केन्द्र संचालक समिति (दफा १३ ग बमोजिम) को रुपमा संचालन गर्ने ।

३) उपदफा (२) वमोजिम छनौट भएका निकायसँग आवश्यक सम्झौता गरी सेवा सञ्चालन गर्ने ।

४) जिल्ला पशु सेवा कार्यालयबाट बाह्रै महिना हरियो घास आपुर्तिका कार्यक्रम, हे तथा साईलेज बनाउने कार्यक्रम, कृषि उपपदार्थको उपयोग, युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने कार्यक्रम तथा घासका श्रोत केन्द्र सुदृढिकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

५) फार्मको बाह्य क्षेत्रमा घासेबाली बीउ उत्पादन कार्यक्रम कृषक समुह/समिति संग कन्ट्रयाक्ट फार्मिङको लागि सम्झौता गरेर संचालन गर्ने ।

(ख) सेवा सञ्चालन सम्बन्धी अन्य प्रकृया अनुसुची ३ मा तोकिए बमोजिम हुने छ ।

**१३. सामुदायिक पशु आहारा विकास केन्द्र मार्फत कार्यक्रम संचालन गरिने :**

(क) सामुदायिक पशु प्रजनन केन्द्र स्थापना भएको बाहेक स्थानमा यस अभियान कार्यक्रम अन्तर्गत पशु आहारा विकासको लागि सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गरी संचालन गर्न सकिनेछ । यसरी सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्दा घास विकास पकेट क्षेत्र, घास विकासको लागि संभावित क्षेत्र, सामुदायिक वन, कवुलियती वन, सार्वजनिक जग्गा उपलब्ध हुने क्षेत्र, नीजी जग्गामा घास विकास सम्भावित क्षेत्रलाई समेटि त्यस क्षेत्रमा पुर्व स्थापित सम्बन्धित कृषक समुह/समिति/सहकारीको प्रतिनिधित्व रहने गरी कार्यक्रम संचालन गर्न सकिने छ ।

(ख) स्थानिय स्तरमा सेवा संचालन गर्न तथा दफा १३(क) बमोजिमको केन्द्र सञ्चालनको लागि देहाय अनुसारको सामुदायिक पशु आहारा विकास केन्द्र संचालक समिति रहने छ ।

| | |
|---|---|
| १) अध्यक्ष, सहकार्य गर्ने संस्था | संयोजक |
| २) सचिव, सहकार्य गर्ने संस्था | सदस्य |
| ३) कोषाध्यक्ष, सहकार्य गर्ने संस्था | सदस्य |
| ४) प्रतिनिधि, स्थानिय निकाय | सदस्य |
| ५) प्रमुख, संवन्धित पशु सेवा/उपकेन्द्र | सदस्य |
| ६) प्रतिनिधि, कृषक समुह/समिति/सहकारी | सदस्य |
| ७) कृत्रिम गर्भाधान कर्ता/सम्बन्धित प्राविधिक | सदस्य सचिव |

आवश्यकता अनुसार आमन्त्रित सदस्य राख्न सकिनेछ ।

(ग) उपदफा (ख) बमोजिम गठित सामुदायिक पशु आहारा विकास केन्द्र संचालक समितिको काम, कर्तव्य तथा अधिकारः
१) सामुदायिक पशु आहारा विकास केन्द्र सन्चालन गर्न अनुसूची ५ बमोजिम सम्झौता गर्ने ।
२) सम्झौता अनुसार सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गरी कार्यक्रम संचालन गर्ने ।
३) स्थानीय निकायहरु संग समन्वय गरी आर्थिक सहयोग जुटाउन पहल गर्ने ।
४) संचालन गरिएका कार्यक्रमको सम्पूर्ण अभिलेख व्यवस्थापन गर्ने ।
५) प्राविधिकको पारिश्रमिक निर्धारण गर्ने ।
६) कार्य प्रगति जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।
७) जिल्ला पशु सेवा कार्यालय/पशु सेवा केन्द्र, उपकेन्द्र/सम्वन्धित निकायले तोकेको अन्य कार्य गर्ने ।

(घ) सामुदायिक पशु आहारा विकास केन्द्र संचालनको लागि आर्थिक कारोबार गर्न नजिकको बैंकमा अध्यक्ष सचिव कोषाध्यक्ष को संयुक्त हस्ताक्षरबाट संचालन हुने गरी खाता खोल्न सकिनेछ र उपलब्ध अनुदान सहयोग उक्त खातामा जम्मा गरी उपदफा (ग) बमोजिम आवश्यक खर्च गर्न सकिनेछ ।

(ङ) सामुदायिक पशु आहारा विकास केन्द्र संचालनको लागि नेपाल सरकारले सालबसाली कार्यक्रम राखी आवश्यक बजेट तथा कार्यक्रम मार्फत अनुदान उपलब्ध गराउन सक्नेछ ।

**१४. सेवा शुल्क नलाग्ने :**

यस निर्देशिकामा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी कार्यालय तथा निकायबाट सेवा प्रदान गर्दा सेवा प्रदायकले कुनै पनि प्रकारको सेवा शुल्क लिन पाउने छैन ।

**१५. अनुगमन तथा मुल्यांकन :**

कार्यक्रमको सञ्चालन एवं प्रभावकारिताको बारेमा जिल्ला पशु सेवा कार्यालय, क्षेत्रीय पशु सेवा निर्देशनालय, राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/चरन तथा घासेबाली बीउ बृद्धि फार्महरु, राईजोवियम तथा बीउ विजन प्रयोगशाला र पशु उत्पादन निर्देशनालय समेतले आपसी समन्वय गरी आवधिक रुपमा सेवा सञ्चालनको अनुगमन गरी सो को प्रतिवेदन पशु उत्पादन निर्देशनालय र पशु सेवा विभागमा पेश गर्नुपर्नेछ ।

**१६. कार्यक्रममा संलग्न निकायहरुको भुमिका :**
कार्यक्रम संचालनको क्रममा संलग्न विभिन्न निकायहरुको भुमिका तथा दायित्व अनुसुची २ मा उल्लेख गरिएको छ र त्यस्तो दायित्व पुरा गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१७. तालिम तथा गोष्ठीको सञ्चालन :**
स्वीकृत बार्षिक कार्यक्रम अनुसार केन्द्रिय, जिल्ला र गाउं वा नगर स्तरीय तालिम तथा गोष्ठीमा पेश हुने कार्यपत्र, भौतिक सामाग्री, अन्य आवश्यक प्रयोजनको लागि वजेट व्यवस्था नेपाल सरकारको स्वीकृत मापदण्ड (नर्मस्) वमोजिम हुनेछ ।

**१८. निर्देशिकाको ब्याख्या :**
कार्यक्रम कार्यान्वयनको सिलसिलामा यस निर्देशिकाको कुनै प्रावधानले कुनै वाधा अडचन आएमा वा निर्देशिकाले स्पष्ट रुपमा व्यवस्था नगरेमा त्यसको ब्याख्या गर्ने तथा स्पष्ट गर्ने अधिकार केन्द्रिय समन्वय समिति वा आवश्यकता अनुसार निर्देशिका स्विकृत गर्ने निकायमा निहित रहनेछ ।

**१९. अनुसुचिको व्यवस्था तथा संशोधन :**
आवश्यकता अनुसार अनुसुचिहरुको हेरफेर तथा संसोधन केन्द्रिय समन्वय समिति वा निर्देशिका स्विकृत गर्ने निकायले गर्नेछ ।

**२०. खरिद योजना :** कार्यक्रम कार्यान्वयन गर्ने जिल्ला पशु सेवा कार्यालयले जिल्लामा रहेको सार्वजनिक खरिद ईकाइ मार्फत अनुसुचि ९ बमोजिम खरिद योजना बनाई घाँसको बीउ विरुवा सेट्स खरिदको लागि कार्य गर्नुपर्ने छ ।

## परिच्छेद-५
## विविध

२१. **अनुगमन तथा मूल्यांकन व्यवस्था :**
कृषि विकास मन्त्रालय, पशु सेवा विभाग, क्षेत्रीय पशु सेवा निर्देशनालयहरु, सम्बन्धित राष्ट्रिय कार्यक्रमहरुबाट आवश्यता अनुसार एवं सम्बन्धित निर्देशनालय र जिल्ला पशु सेवा कार्यालयहरुबाट नियमित अनुगमन गरिने छ ।

२२. **कार्वाहीको व्यवस्था :**
प्रस्ताव स्वीकृत भई सम्झौता गरिएको साझेदार संस्थावाट स्विकृत प्रस्ताव तथा सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

२३. **प्रचलित कानून लागू हुने :**
"पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन निर्देशिका, २०७० (प्रथम संशोधन, २०७१)" कार्यान्वयनको सम्बन्धमा यसै निर्देशिका बमोजिम तथा उल्लेख नभएका हकमो प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

२४. यस निर्देशिकामा उल्लेख भएको अनुदान सम्बन्धि व्यवस्था नेपाल सरकारवाट तोकिएको आ.व. मा भएको वजेटको उपलब्धता अनुसार हुनेछ । सबै कार्यक्रमहरु बिनियोजित वजेट र स्विकृत कार्यक्रमको परीधि भित्र रही संचालन गर्नुपर्ने छ ।

२५. **निर्देशिका संशोधन परिमार्जन तथा खारेजी** : केन्द्रिय समन्वय सामितिवाट सिफारिश भई भए बमोजिम पशु उत्पादन निर्देशनालय मार्फत पशु सेवा विभागको सिफारिसमा यस निर्देशिकामा आवश्यकता अनुसार परिमार्जन, संशोधन तथा खारेजी गर्ने अधिकार निर्देशिका स्विकृत गर्ने निकायमा निहित रहनेछ ।

२६. **वहुवर्षे कार्यक्रमको सम्बन्धमा:** २ वा सो भन्दा वढी आ.व. मा संचालन हुने कार्यक्रमहरुको हकमा अर्को वर्षका लागि आर्थिक दायित्व नसार्न विनियोजित वजेटको परिधि भित्र रहि कार्यक्रमहरु संचालन गरीने छ । यस्ता कार्यक्रमको संर्दभमा आगामी आर्थिक वर्षमा नेपाल सरकारको प्राथमिकता, विनियोजित वजेट, वजेटको उपलब्धता अनुसार आवश्यकता बमोजिम पुनः सम्झौता गरी कार्यक्रम संचालन गर्न सकिने छ ।

अनुसुचि १

कार्यक्रम सञ्चालन गरिने जिल्लाहरु

१. **प्रथम चरण (आ.व. २०७०/०७१) (२५ जिल्ला)**

पूर्वाञ्चल-झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा ।

मध्यमाञ्चल- धनुषा, महोत्तरी, सर्लाही, बारा, मकवानपुर, चितवन, नुवाकोट, काठमाण्डौ, काभ्रे, रामेछाप

पश्चिमाञ्चल- नवलपरासी, रुपन्देही, कपिलबस्तु, तनहूँ, कास्की ।

मध्यपश्चिमाञ्चल- बाँके, बर्दिया, दाङ्ग ।

सुदुरपश्चिमाञ्चल- कैलाली, कंचनपुर ।

२. **दोस्रो चरण (आ.व. २०७१/०७२) (१० जिल्ला)**

पूर्वाञ्चल - इलाम ।

मध्यमाञ्चल- धादिङ्ग, रौतहट, सिन्धुली, पर्सा, ललितपुर, भक्तपुर ।

पश्चिमाञ्चल -पाल्पा, बागलुङ्ग ।

मध्यपश्चिमाञ्चल- सुर्खेत ।

३. **तेस्रो चरण (आ.व. २०७२/०७३) (५ जिल्ला)**

पुर्वाञ्चल- धनकुटा, उदयपुर ।

पश्चिमाञ्चल- स्याङ्गजा, अर्घाखाँची, गोरखा ।

## अनुसुचि २

## कार्यक्रम सञ्चालन सम्बन्धमा विभिन्न निकायको भुमिका र दायित्व

**१. कार्यक्रम संचालक सहकार्य संस्थाको जिम्मेवारी :**

१. जिल्ला पशु सेवा कार्यालयसंग भएको सम्कौता अनुरुप कार्यक्रम संचालन गर्ने ।
२. यातायात सुबिधा भएको वा पायक पर्ने ठाँउमा सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्ने ।
३. सामुदायिक पशु आहारा विकास केन्द्रको साइनबोर्ड सवैले देख्ने गरी राख्ने ।
४. सामुदायिक पशु प्रजनन केन्द्रमा कार्यरत प्राविधिक/जे.टी./जे.टी.ए. लाई नै पशु आहारा उत्पादन एवं विकास सम्बन्धी थप जिम्मेवारी प्रदान गर्ने ।
५. सामुदायिक पशु आहारा विकास केन्द्र सञ्चालनको लागि आर्थिक श्रोत जुटाउने ।
६. घाँसको बीउ वितरण गर्दा सहकार्य संस्थाका सदस्यहरुबाट बीउको लागतको १० प्रतिशत रकम उठाई सामुदायिक पशु आहारा विकास केन्द्रमा जम्मा गर्ने ।
७. आफ्नो इलाकाको पशु सेवा केन्द्र/उपकेन्द्रसंग नियमित सम्पर्क एवं समन्वयमा रहने ।
८. स्थानीय जातका घासहरु संरक्षण संबर्द्धन गर्न र उन्नत जातका घास लगाउन प्रोत्साहन गर्ने ।
९. सम्भाव्य क्षेत्रमा बृहत घास विकास कार्यक्रम संचालन गर्नको लागि प्याकेजको रुपमा अभिमुखीकरण, स्थलगत तालीम, बीउमल, सिंचाई, बजारब्यवस्था सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
१०. मासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण भरि (सम्बन्धित पशु सेवा केन्द्र/उपकेन्द्र मार्फत वा प्राविधिकले आफै) जिल्ला पशु सेवा कार्यालयमा पठाउने ।

**२. पशु सेवा केन्द्र/उपकेन्द्रको जिम्मेवारी :**

१. आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका सामुदायिक पशु आहारा विकास केन्द्र तथा निजी घासको श्रोत केन्द्रहरुलाई नियमित निरिक्षण, अनुगमन तथा आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने ।
२. पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन गर्न कुनै किसिमको अप्ठ्यारो आइपरे वा कुनै सल्लाह सुझाव भए जिल्ला पशु सेवा कार्यालयलाई समयमै खवर गर्ने ।
३. बाह्रै महिना हरियो घास उत्पादन, हे साईलेज र र युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने बारे स्थानीय स्तरमा सम्बन्धित सरोकारवालाहरुलाई उत्प्रेरणा प्रदान गरी कार्यान्वयनमा सहयोग गर्ने ।
४. सामुदायिक तथा निजि पशु आहारा विकास केन्द्रहरुवाट मासिक प्रगति संकलन गरी जि.प.से.का.मा मासिक प्रगति प्रतिवेदन पठाउने ।

**३. जिल्ला पशु सेवा कार्यालयको जिम्मेवारी :**

१. सामुदायिक पशु प्रजनन केन्द्र स्थापना भई पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम संचालित क्षेत्रहरुमा उक्त केन्द्रलाई आवश्यक परेमा पुनर्गठन गरी सामुदायिक पशु आहारा विकास केन्द्रको रुपमा समेत कार्य गर्न जिम्मेबारी दिने ।
२. सहकार्यको लागि छानिएका संस्थाको विवरणहरु (अनुसुची ४ अनुसार) तयार गर्ने र सामुदायिक पशु आहारा विकास केन्द्र संचालन गर्नको लागि (अनुसुचि ५ अनुसार) सम्झौता गर्ने ।
३. जिल्ला पशु आहारा विकास समन्वय समितिबाट निर्णय भए बमोजिम सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समुह/समिति/सहकारी मार्फत घास विकास कार्यक्रम संचालन गर्ने ।
४. जिल्ला समन्वय समितिको निर्णय अनुसार बीउ/बेर्ना/स्लीप को गुणस्तर सम्बन्धित बीउ विजन प्रयोगशालाबाट जांच गराएर मात्र खरिद वितरण कार्य गर्ने गराउने ।
५. बीउ विरुवा सेट्स खरिद को लागि अनुसुचि ९ बमोजिमको फर्मेटमा खरिद योजना तयार गरी जिल्ला समन्वय समितिबाट अनुमोदन गर्ने र सो को जानकारी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र, हरिहरभवन लाई गराएर मात्र खरिद कार्य शुरु गर्ने ।
६. खरिद गरेको घाँसको बीउ वितरण गर्दा सामुदायिक पशु आहारा विकास केन्द्र/सहकार्य गर्ने संस्थाका सदस्यहरुबाट बीउको लागतको १० प्रतिशत रकम उठाई सामुदायिक पशु आहारा विकास केन्द्रमा जम्मा गर्ने गराउने ।
७. जिल्ला पशु आहारा विकास समन्वय समितिको निर्णय अनुसार न्यूनतम Criteria पुरा गर्ने सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समुह/समिति/सहकारीलाई सम्बन्धित उत्पादन सामग्री/उपकरणहरु उपलब्ध गराउने । यसको



नेपाल सरकार
... विकास मन्त्रालय
सिंहदरबार

लागि घास विकास सम्भाब्यता, घास तथा बीउ उत्पादनमा कृषकहरुको अग्रसरता, संलग्नता, ब्यवसायीकपन र पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमको सफलताका आधारलाई मध्यनजर गरी छनौट गरी वितरण/सहकार्य गर्ने ।

८. च्याफकटर, हे तथा साईलेज बनाउने सामग्री, सिड विन, युरिया मोलासेस मिनरल ब्लक बनाउने सामग्री, सिलिङ मेसिन, बीउ सफा गर्ने उपकरण, रिकर्डिङ्ग फारम, रजिष्टर सम्वन्धित केन्द्रहरुलाई उपलब्ध गराउने

९. घासेबाली तथा बीउ उत्पादन कार्यक्रमलाई जिल्लामा संचालित पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम संग समन्वय गरी लैजाने ।

१०. घासेबाली उत्पादक श्रोत कृषक/समुह/समिति/सहकारीमा आवश्यकता अनुसार ब्यवसायीक बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।

११. बाह्रै महिना हरियो घास आपुर्तिका कार्यक्रम, हे तथा साईलेज बनाउने कार्यक्रम, युरिया मोलासेस मिनरल ब्लक तयार गर्ने कार्यक्रम तथा घासका श्रोत केन्द्र सुदृढिकरण गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

१२. सामुदायिक पशु आहारा विकास केन्द्रहरुको प्रत्येक चौमासिकमा १ पटक अनिवार्य स्थलगत अनुगमन निरिक्षण गरि प्रतिबेदन पेश गर्ने तथा समय समयमा उक्त केन्द्रहरुलाई आवश्यक सल्लाह सुझाव दिने ।

१३. स्थानीय संचार माध्यमहरुबाट पशु आहारा सम्बन्धी जनचेतनामुलक प्रचार प्रसार कार्यक्रमहरु संचालन गर्ने ।

१४. जिल्लामा संचालित सबै पशु आहारा विकास केन्द्रहरुको भिन्दा भिन्दै तथा एकमुष्ठ प्रगति संयोग गरि सम्बन्धित महिनाको १ गते भित्र अनिवार्य रुपमा मासिक, चौमासिक, बार्षिक प्रगति प्रतिबेदन राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र तथा सम्वन्धित क्षे.प.से.नि.मा पठाउने ।

**४. चरन तथा बीउ बृद्धि फार्महरुको जिम्मेवारी :**

१. राष्ट्रिय चरन तथा पश आहारा केन्द्र र नेपाल कृषि अनुसन्धान परिषदसंग समन्वय गरी अन्य मुलुकबाट प्रजनन/मुल बीउ मगाउने, त्यसबाट फार्ममा मुल बीउ उत्पादन गरी कृषकहरुको माग बमोजिम आपुर्ति गर्ने ।

२. फार्मलाई क्षेत्रको माग बमोजिम घासको बीउको श्रोतकेन्द्रको रुपमा स्थापित गर्नको लागि बृहत रुपमा घासेबाली बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।

३. फार्म क्षेत्रका कृषकहरुलाई घासेबाली तथा बीउ उत्पादनमा सवल, सक्षम बनाउन फार्म बाह्यक्षेत्रमा घास विकास र बीउ उत्पादन कार्यक्रम संचालन गर्ने ।

४. फार्मको अत्याबश्यक भौतिक संरचना सुदृढिकरण तथा कार्यक्षमता अभिबृद्धि गर्ने ।

**५. राईजोवियम प्रयोगशालाको जिम्मेवारी :**

१. कार्यक्रमको अतिरिक्त माग बमोजिम जैविक मल उत्पादन तथा वितरणमा जोड दिने ।

२. गुणस्तरीय बीउ उत्पादनमा टेवा पुऱ्याउन नमुना संकलन, प्रयोगशाला परिक्षण सेवालाई विस्तार गर्ने ।

३. प्रयोगशालाको अत्याबश्यक भौतिक संरचना सुदृढिकरण तथा कार्यक्षमता अभिबृद्धि गर्ने ।

**६. राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको जिम्मेवारी :**

१. कार्यक्रमको प्रमुख संयोजकको रुपमा काम गर्ने ।

२. अभियान सफल पार्न आवश्यक पर्ने सामाग्री/उपकरणहरु खरिद गरी सम्वन्धित जिल्ला तथा केन्द्रहरुलाई उपलब्ध गराउने ।

३. जनचेतना अभिबृद्धिको कार्यक्रमहरु संचालन गर्ने, गराउने ।

४. सेवा प्रदायक प्राविधिकको लागि आवश्यक प्रचार प्रसार सामग्री, प्रकाशन, डायरी एवं पशु आहारा सम्बन्धी तालिमको ब्यवस्था गराउने ।

५. आवश्यकता अनुसार जिल्लाहरुलाई प्राविधिक परामर्श तथा अन्य सल्लाह सुझाव दिने ।

६. कार्यक्रम अनुसार उत्कृष्ट सामुदायिक पशु आहारा विकास केन्द्र तथा प्राबिधिक, सुपरिबेक्षक, जि.प.से.का.तथा कर्मचारीहरुलाई पुरस्कारको लागि सिफारिश गर्ने ।

७. गुणस्तरीय बीउ उत्पादनको लागि नेपाल कृषि अनुसन्धान परिषदको संलग्नतामा मुल बीउ खरिद गरि फार्म तथा श्रोत केन्द्रहरुलाई उपलब्ध गराउने ।

८. घास विकास तथा बीउ उत्पादन, पशु आहारा सुधार, कृषि उपपदार्थहरुको उपयोगिता तथा पौष्टिकता बृद्धि सम्बन्धी तालिमहरु संचालन गर्न पशु सेवा तालिम तथा प्रसार निर्देशनालय संग समन्वय गर्ने ।

९. सरोकारवालाहरुलाई संलग्न गराई चौमासिक तथा बार्षिक रुपमा समिक्षा गोष्ठी गर्ने ।

१०. कार्यक्रम संचालन गर्न आवश्यक पर्ने मेशीनरी औजार सामाग्रीहरुको खरिदको लागि आवश्यक प्रक्रियाहरु पुरा गरि खरिद गर्ने/गराउने ।
११. अपेक्षित उपलब्धि प्राप्तिका लागि जिल्ला पशु सेवा कार्यालय तथा पशु आहारा विकास केन्द्रहरुको नियमित अनुगमन, सुपरिवेक्षण गर्ने गराउने र सो को प्रतिबेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।
१२. कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन संयोग गरि महिना सकिएको पाँच दिन भित्र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

**७. क्षेत्रीय पशु सेवा निर्देशनालयहरुको जिम्मेवारी :**

१. कार्यक्रम सफलतपूर्वक सम्पन्न गर्न जिल्ला पशु सेवा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।
२. जिल्लामा संचालित पशु आहारा सुधार अभियान कार्यक्रमको निरीक्षण अनुगमन गरी सो को प्रतिवेदन चौमासिक रुपमा आवश्यक सुझाव सहित राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा पठाउने ।
३. पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रमको क्षेत्रगत रुपमा चौमासिक र वार्षिक प्रगति विवरण तयार पारी राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

**८. पशु सेवा तालिम तथा प्रसार निर्देशनालयको जिम्मेवारी :**

१. सामुदायिक पशु प्रजनन केन्द्रका प्राविधिकहरुलाई राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र संगको समन्वयमा पशु आहारा सम्बन्धी तालिम प्रदान गर्ने ।
२. कार्यक्रम अन्तर्गत संचालित तालिमको प्रतिबेदन पशु उत्पादन निर्देशनालयमा पठाउने ।
३. तालिम पाठयक्रम, सहभागी छनौट तथा तालिम विधिमा आवश्यक परिमार्जन गर्ने ।
४. अभियान कार्यक्रम अन्तर्गत सञ्चालित तालिम कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति विवरण राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा पठाउने ।

**९. पशु उत्पादन निर्देशनालयको जिम्मेवारी :**

१. कार्यक्रमको कार्यबिधि र निर्देशिका तयार गरी स्विकृत गराउने र कार्यान्वयनमा ल्याउने ।
२. स्विकृत कार्यविधि र निर्देशिका अनुसार कार्यक्रम बजेट र अख्तियारी स्विकृत गराई सम्बन्धित कार्यालयहरुलाई पठाउने ।
३. कार्यक्रम कार्यान्वयन गर्न सम्वन्धित निर्देशनालय, विभाग, मंत्रालय र अन्य सरोकारवाला निकायहरु संग समन्वय गर्ने ।
४. कार्यक्रम कार्यान्वयनको प्रमुख केन्द्रीय निकायको नाताले अनुगमन र मूल्यांकन गर्ने गराउने तथा विभिन्न निकायबाट प्राप्त अनुगमन प्रतिवेदन अनुसार सम्वन्धित निकायहरुलाई सुधारको लागि पृष्ठपोषण गर्ने ।
५. कार्यक्रमको बार्षिक अद्याबधिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्ने गराउने ।
६. कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति विवरण संयोग गरि पशु सेवा विभाग र कृषि विकास मन्त्रालयमा पठाउने ।

## अनुसुचि ३
## सेवा सञ्चालन प्रकृया

| क.सं. | कार्यविधि | जिम्मेवारी | लाग्ने समय |
|---|---|---|---|
| १. | सम्भावित गा.वि.स.हरुका स्थानिय निकाय, गै.स.सं., सहकारी संस्था, उपभोक्ता समिति, पशुपालक समुह तथा दफा १० अनुसार गठित जिल्ला पशु आहारा विकास समन्वय समितिको बैठकबाट सहकार्य संस्थाको छनौट गर्ने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला पशु आहारा विकास समन्वय समिति | १ दिन |
| २. | छनौट भएका सहकार्य संस्था तथा सामुदायिक पशु आहारा विकास केन्द्र संचालन गरिने स्थानको स्थलगत निरीक्षण गरी आवश्यक विवरणहरु अनुसुची १ अनुसार तयार पार्ने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला पशु आहारा विकास समन्वय समिति | ७ दिन |
| ३. | छनौट भएका संचालक संस्थाहरु संग अनुसुची ५ अनुसार द्विपक्षीय सम्झौता सम्पन्न गर्ने । | जिल्ला पशु सेवा कार्यालय | २ दिन |
| ४. | राष्ट्रिय पशु प्रजनन केन्द्र मार्फत संचालित सामुदायिक पशु प्रजनन केन्द्रमा कार्यरत प्राविधिकलाई पशु आहारा विकास तथा घासेवाली सम्बन्धी तालिम गराउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र तालिम तथा प्रसार निर्देशनालय | १५ दिन |
| ५. | पशु आहारा विकास, घास उत्पादन, बीउ उत्पादन गर्नको लागि सिडविन, हे एवं साईलेज बनाउने सामग्री, सिलिङ मेसिन, बीउ सफा गर्ने उपकरण, हे बाईन्डर, प्याकेजिङ मेसिन, नर्सरी सामग्री, स्प्रेयर, युरिया मोलासेस मिनरल ब्लक (UMMB) तयार गर्ने मेसिन, च्याफकटर, हार्भेष्टर, सीड ग्रेडर, सीड थ्रेसर रिकर्डिङ्ग फारम, रजिष्टर (मुल्य रु. १,००,०००। सम्म पर्ने सामग्री/उपकरण) अनुदान दिने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/ जि.प.से.का. | ७ दिन |
| ६. | सामुदायिक पशु आहारा विकास केन्द्र अन्तर्गत कृषक/समुह/समिति/सहकारी/नीजी फर्म/कम्पनीलाई घास उत्पादनको लागि बीउ उपलब्ध गराउदा लागत मुल्यको ९० प्रतिशत सरकारी अनुदान र १० प्रतिशत संचालक संस्था/नीजी फर्म/कम्पनीले ब्यहोर्ने गरी उपलब्ध गराउने तथा श्रोतकेन्द्रहरुमा घासको बीउ/बेर्ना/सेट्स उत्पादनको लागि निःशुल्क बीउ, मल, औषधी उपलब्ध गराउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र/चरन तथा घासेबाली बीउ बृद्धि फार्म/ जि.प.से.का. | १५ दिन |
| ७. | सामुदायिक पशु आहारा विकास केन्द्रहरुको दिगो संचालनको लागि उक्त केन्द्रको नाममा संयुक्त हस्ताक्षर सहित बैंक खाता संचालन गर्ने र सोही रकम मार्फत मार्फत कार्यक्रम परिचालन गर्ने । कार्यक्रमबाट अनुदान स्वरुप रकम उपलब्ध गराउने र सहयोगी निकायलाई समेत रकम उपलब्ध गराउन प्रोत्साहन गर्ने । | सम्वन्धित संस्था, जि.प.से.का., क्षे.प.से.नि. | ७ दिन |
| ८. | स्थानीय कच्चा पदार्थहरुको प्रयोग गरी समुदायमा युरिया मोलासेस मिनरल ब्लक (UMMB) तयार गर्नको लागि आवश्यक सामागृहरु एक पटकको लागि अनुदानमा उपलब्ध गराई पुरक पशु आहाराको रुपमा UMMB तयार गर्ने । | जि.प.से.का./रा.च.प.आ.के. | आवश्यकता अनुसार |

| | | | |
|---|---|---|---|
| ९. | घासेबाली तथा बीउ उत्पादन कार्यक्रममा सिंचाई सुविधाको लागि आवश्यक सामग्री/उपकरणहरु (पम्पसेट, पाईप, मोटर, पोखरी निर्माण), ट्रयाक्टर ड्रिभेन हार्भेष्टर, ट्रयाक्टर ड्रिभेन थ्रेसर, ट्रयाक्टर ड्रिभेन ग्रेडर, सिड ड्रिल कम फर्टिलाईजर मेसिन, ट्रयाक्टर ड्रिभेन च्याफकटर (मुल्य रु. १,००,०००। देखि रु. ३,००,०००। सम्म पर्ने सामग्री/उपकरण) हरु ७५ प्रतिशत सरकारी अनुदान र २५ प्रतिशत संचालक संस्था/नीजी फर्म/कम्पनीको लगानीमा उपलब्ध गराउने । | जि.प.से.का. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| १०. | कृषि उपपदार्थको पौष्टिकता बृद्धि गरी अधिकतम उपयोगको लागि टी.एम.आर. तयार गर्ने मेसिन, पशु आहारा तयार गर्न चपर, चपर कम ग्राईन्डर, ग्राईन्डर, फिड मिक्सचर, कन्भेयर, फिड ब्लक तयार गर्ने मेसिन, हे बेलिङ मेसिन, पावर टिलर, कम्प्लीट फिड प्रोसेसिङ मेसिन, मोलासेस डोजीङ सिस्टम, ग्राईन्डर एण्ड मिक्सचर, फोडर ब्लक मेकिङ मेसिन, हाईड्रोलिक कम्प्रेसर, बायोमास ब्रिकेटीङ मेसिन, एग्रो वेस्ट मेसिन र अन्य आवश्यक उपकरण/सामग्री (रु. ३,००,०००। भन्दा बढि मुल्य पर्ने सामग्री/उपकरण) हरु ५० प्रतिशत सरकारी अनुदान र ५० प्रतिशत संचालक संस्था/नीजी फर्म/कम्पनीको लगानीमा उपलब्ध गराउने । | जि.प.से.का. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| ११. | जिल्लामा पशु आहारा विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा जिल्ला पशु आहारा समन्वय समितिबाट सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समुह/समिति/सहकारीलाई कति क्षेत्रफलमा घास विकास गर्ने सो निर्णय गरी सोही अनुसार बीउ/विरुवा/सेट्स उपलब्ध गराउने । घाँसको बीउ वितरण गर्दा सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समुहका सदस्यहरुबाट बीउको लागतको १० प्रतिशत रकम उठाई केन्द्रमा जम्मा गर्ने, गराउने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला पशु आहारा विकास समन्वय समिति, सामुदायिक पशु आहारा विकास केन्द्र | आवश्यकता अनुसार |
| १२. | जिल्लामा पशु आहारा विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्दा सम्बन्धित उत्पादन सामग्री/उपकरणहरु न्यूनतम Criteria पुरा गर्ने सामुदायिक पशु आहारा विकास केन्द्र/कृषक समुह/समिति/सहकारीलाई निशुल्क वा सहकार्यमा उपलब्ध गराउंदा जिल्ला पशु आहारा समन्वय समितिबाट निर्णय गराएर मात्र उपलब्ध गराउने । यसको लागि घास विकास सम्भाव्यता, घास तथा बीउ उत्पादनमा कृषकहरुको अग्रसरता, संलग्नता, व्यवसायीकपन र पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रमको सफलताका आधारलाई मध्यनजर गरी छनौट गरी वितरण/सहकार्य गर्ने । | जिल्ला पशु सेवा कार्यालय, जिल्ला पशु आहारा विकास समन्वय समिति | आवश्यकता अनुसार |
| १३. | अभियान कार्यक्रमको समेत अनिवार्य रुपले सार्वजनिक सुनुवाई तथा जनलेखा परिक्षण गराउने । | जि.प.से.का. | १ दिन |
| १४. | जिल्लामा स्थापित प्रत्येक सामुदायिक पशु आहारा विकास केन्द्रले बर्षे, हिउदे, बहुबर्षे, डाले घास लगाईएको, घासेबालीको बीउ उत्पादन, हे साईलेज, UMMB उत्पादनको नियमित अभिलेख राखी महिनाको ३० | सामुदायिक पशु आहारा विकास केन्द्रहरु | महिनाको १ पटक |

| | | | |
|---|---|---|---|
| | गते भित्र अनिबार्य रुपमा सम्बन्धित जि.प.से.का.मा प्रगति पठाउने । | | |
| १५. | जिल्ला पशु सेवा कार्यालयहरुले प्रत्येक पशु आहारा केन्द्रको भिन्दाभिन्दै तथा एकमुष्ट कम्पाइल गरेर मासिक, चौमासिक र बार्षिक प्रगति अनिबार्य रुपमा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र सम्बन्धित क्षे.प.से.नि.मा पठाउने । | जि.प.से.का. | महिना १२<br>चौमासिक ३<br>अष्टमासिक१<br>बार्षिक १ |
| १६. | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले प्रत्येक जिल्लाको प्रगति विवरण एकमुष्ट संयोग गरी (मासिक, चौमासिक र बार्षिक) महिनाको ७ गते भित्र अनिवार्य रुपमा पशु उत्पादन निर्देशनालय पठाउने । | राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | महिना १२<br>चौमासिक ३<br>अष्टमासिक १<br>बार्षिक १ |
| १७. | प्रत्येक क्षे.प.से.नि.ले कार्यक्रम सफलतापुर्वक संचालन गर्न गराउन आफ्नो मातहतका जि.प.से.का. तथा साझेदार संस्थाहरुको सहकार्यमा संचालित सामुदायिक पशु आहारा विकास केन्द्रहरुको अनुगमन, निरिक्षण तथा पृष्ठपोषण गर्ने । | क्षे.प.से.नि.हरु | आवश्यकता अनुसार |
| १८. | क्षे.प.से.नि. ले सामुदायिक पशु आहारा विकास केन्द्र तथा जिल्लाको पशु आहारा विकास कार्यक्रमको निरिक्षण अनुगमन गरि राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र र पशु उत्पादन निर्देशनालयमा चौमासिक रुपमा समस्या र समाधानका उपायहरु सहित प्रतिवेदन दिने । | क्षे.प.से.नि.हरु | चौमासिक १ पटक |
| १९. | जिल्ला पशु सेवा कार्यालय तथा सामुदायिक पशु आहारा विकास केन्द्रहरुले यस अभियान कार्यक्रमबारे कुनै किसिमको थप जिज्ञासा तथा अन्य कुनै जानकारी चाहिएको अवस्थामा यस कार्यक्रमको प्रमुख संयोजक राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रमा सिधा सम्पर्क राख्ने । | जि.प.से.का.र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| २०. | घासेबाली तथा बीउ उत्पादन गर्ने उत्कृष्ट कृषक/समुह/समिति /सहकारी लाई प्रोत्साहन स्वरुप पुरस्कारको लागि सिफारिस गर्ने । | जि.प.से.का., क्षे.प.से.नि. र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र | आवश्यकता अनुसार |
| २१. | जनचेतना अभिबृद्धिको लागि अभिमुखीकरण तथा विभिन्न किसिमका पर्चा, पम्पलेट, लिफलेट, तथा स्थानिय एफ.एम.हरुबाट कार्यक्रमबारे प्रचार प्रसार गर्ने । | जि.प.से.का.,पशु उत्पादन निर्देशनालय, रा.च.प.आ.के. | आबश्कता अनुसार |



नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

अनुसुची ४

## सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्न चाहने संस्थाले सम्फौता पूर्व उपलब्ध गराउनु पर्ने विबरणहरु

१ स्थानिय निकाय/संस्थाको नाम :-
२ ठेगाना :-
३ नजिकको कृ.ग. केन्दको विवरण :-
४ सेवा प्रदायक/प्राविधिक (ईन्सेमिनेटर) को नाम :-
५ उपभोक्ता समुह वा अन्य सहकार्य संस्था भए सो को विवरण :-
६ सेवा प्रदायक भई कार्य गर्न संस्थासंग भएको सम्फौताको प्रतिलिपि :-
७ सम्बन्धीत पशु सेवा केन्द्र/उपकेन्द्रको विवरण :-
८ गा.वि.स.को पशु तथ्याङ्क :-

| पशु विवरण | कुल जम्मा | स्थानिय नश्ल | उन्नत नश्ल | दुहुना |
|---|---|---|---|---|
| गाई | | | | |
| भैसी | | | | |
| भेडा | | | | |
| बाखा | | | | |

९ नजिकको दुग्ध उत्पादक सहकारी संस्थाको नाम :-
ठेगाना :-
१० घास विकास गर्न सम्भाब्य जग्गाको क्षे.फ. (हेक्टरमा) :-
११ घास विकास गर्न सम्भाब्य जग्गाको प्रकार :-
१२ घास खेती विषयगत प्राबिधिकको विवरण :-
१३ घास खेती योजना :-
१४ कृषि उपपदार्थ उपयोग योजना :-
१५ बैंक खाता संचालन भएको भए बैंकको नाम, खाता नं., खाताको किसिम र खाताबालाहरुको नाम :-



नेपाल सरकार
पशुपंछी विकास मन्त्रालय
सिंहदरबार

## अनुसुची ५

### सामुदायिक पशु आहारा विकास केन्द्र संचालन गर्न संस्थासंग हुने सम्झौता पत्रको नमुना

पशु सेवा विभाग/पशु उत्पादन निर्देशनालय/राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रद्धारा जिल्ला पशु सेवा कार्यालय..........................मार्फत संचालन गरिने चालु आ.व. ............. को स्विकृत पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन गर्न जिल्ला पशु सेवा कार्यालय .................................... (यसपछि पहिलो पक्ष भनिने) र श्री ...................................... ............................................ (यसपछि दोस्रो पक्ष भनिने) विच तपसिलका शर्तनामाहरु मंजुर भई सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गरी कार्यक्रम सम्पन्न गर्न द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

तपसिल

(१) यो कार्यक्रम विशेष गरी पशु नश्ल सुधार राष्ट्रिय अभियान कार्यक्रम संग सगै अन्य सरोकारवाला संस्था संग पशु आहारा विकास कार्यक्रम संचालन गरिने छ । तसर्थ सामुदायिक पशु प्रजनन केन्द्र संचालन गर्दा गरिने सम्झौता बमोजिम का शर्त अनुसार नै पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम संचालन गरिने छ ।

(२) कार्यक्रम संचालनको लागि अथवा सामुदायिक पशु आहारा विकास केन्द्र स्थापनाको लागि आवश्यक जग्गा वा स्थानको व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्ने छ ।

(३) कार्यक्रमको लागि चाहिने बीउ, मल, औषधी, स-साना उपकरणहरु प्रथम पक्षले अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

(४) सामुदायिक पशु प्रजनन केन्द्रको लागि व्यवस्था गरिएको प्राविधिकले नै सामुदायिक पशु आहारा विकास केन्द्रको लागि समेत काम गर्ने गरी वा नया ठाउंमा सामुदायिक पशु आहारा विकास केन्द्र स्थापना गर्दा प्राविधिक (न्युनतम जे.टि.ए. पास) को व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्नेछ ।

(५) दिगोरुपमा कार्यक्रम संचालनको लागि सम्वन्धित संस्था दोश्रो पक्षले पशु आहारा विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न नेपाल सरकारबाट स्वीकृत बजेट कार्यक्रमको अधिनमा रही आर्थिक श्रोत व्यवस्था गर्ने र अन्य सहयोगी निकायबाट समेत सहयोगको लागि आवश्यक पहल गर्नुपर्नेछ ।

(६) पशु आहारा विकास राष्ट्रिय अभियान कार्यक्रम अन्तर्गत हरियो घास तथा बीउ बेर्ना उत्पादन, हे र साईलेज बनाउने, कृषि उपपदार्थको उपयोग आदि कार्यक्रम प्रथम पक्षको समन्वयमा प्रभावकारी रुपमा संचालन गर्नुपर्ने छ ।

(७) दोस्रो पक्षले नियमित रुपमा सम्पुर्ण कार्यक्रमहरुको अभिलेख रजिष्टर खडा गरी व्यबस्थित तवरले राख्नुपर्नेछ ।

(८) कार्यक्रमको मासिक रुपमा प्रगति प्रतिवेदन निर्धारित ढाँचामा दोश्रो पक्षले प्रथम पक्षलाई अनिवार्य रुपले बुझाउनुपर्ने छ ।

(९) कुनै कारणबश कार्यक्रम संचालन हुन नसकेमा प्रथम पक्षबाट प्राप्त सम्पुर्ण उपकरण/सामाग्रीहरु दोस्रो पक्षले प्रथम पक्षलाई फिर्ता गर्नुपर्नेछ ।

(१०) यस सम्झौतामा उल्लेख नभएको अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम अथवा दुई पक्षको आपसी सहमति अनुरुप हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**
नाम:

पद

दस्तखत

मिति

कार्यालयको छाप

**दोस्रो पक्षको तर्फबाट**
नाम

पद

दस्तखत

मिति

संस्थाको छाप

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## अनुसुची ६

### अनुगमनको ढाँचा

(१) जिल्ला:-

(२) सामुदायिक पशु आहारा विकास केन्द्रको नाम र ठेगाना:-

(३) संचालक संस्थाको नाम र ठेगाना:-

(४) सेवा संचालन भएको साल र महिना:-

(५) सेवा प्रदायकको नाम र तालिम लिएको साल:-

(६) सामुदायिक पशु आहारा विकास केन्द्र संचालनको लागि आर्थिक श्रोत विवरण

जिल्ला पशु सेवा कार्यालयबाट प्राप्त रकम:-

सहकार्य संस्थाबाट प्राप्त रकम:-

अन्य संस्थाहरुबाट प्राप्त रकम:-

सेवा शुल्कबाट (२०%) रकम:-

कुल जम्मा रकम रु.-

(८) सामुदायिक पशु आहारा विकास केन्द्रबाट हालसम्म सहयोग प्राप्त गर्ने जम्मा कृषक संख्या:-

(१०) सामुदायिक पशु आहारा विकास केन्द्रलाई सहयोग गर्ने अन्य संस्थाहरुको नाम र सहयोग रकम:-

(११) घास विकास कार्यक्रमको अभिलेख

| | घास विकास (हेक्टरमा) | | | | |
|---|---|---|---|---|---|
| | हिउंदे | वर्षे | बहुबर्षिय | डाले | जम्मा |
| गत महिना सम्मको | | | | | |
| यसमहिनाको | | | | | |
| जम्मा | | | | | |

(१२) हाल सम्म लगाईएका घासको विवरण

| | हिउंदे | वर्षे | बहुबर्षिय | डाले |
|---|---|---|---|---|
| कोशे | | | | |
| अकोशे | | | | |
| स्थानीय घास | | | | |

(१३) कृषि उपपदार्थ सुधार र उपयोगको लागि भएका प्रयासहरु :

(१४) अन्य सुझाव केही भएः-

निरीक्षण कर्ताको नामः-

पद

निरीक्षण मितिः-

हस्ताक्षर

सेवा प्रदायक वा संचालकको नामः-

मिति

हस्ताक्षर

अनुसुची ७

# कन्ट्रयाक्ट फार्मिङ्ग कार्यक्रम मार्फत घासेबाली बीउ उत्पादन करार-पत्र

तपसीलमा बीउ उत्पादक र उत्पादन समूह जिल्ला..........गा.वि.स. र न.पा...........वडा नं. ......बस्ने श्री............................का छोरा/छोरी बर्ष ........ का श्री/श्रीमति ................................(यस पछि प्रथम पक्ष भनि सम्बोधन गरिने) र श्री ...................................... (यस पछि द्वितिय पक्ष भनि सम्बोधन गरिने) बीच तल उल्लेखित शर्तका अधीनमा रही तपसिलमा उल्लेखित घाँस बालीको उन्नत बीउ प्रथम पक्षले उत्पादन गरी द्वितिय पक्षले खरिद गर्न आज मिति .......................मा यो सम्झौता गरिएको छ ।

१. नेपाल सरकारको सम्बन्धित कार्यालयले सिफारिश गरेको जातको बीउ लगाउन पर्नेछ ।

२. उत्पादनको लागि आवश्यक पर्ने मुल र श्रोत बीउ तथा अन्य सामाग्रीहरु द्वितिय पक्षले प्रथम पक्षलाई उपलब्ध गराउन पर्नेछ ।

३. करार भए बमोजिम प्रथम पक्षले उत्पादन गरेको बीउ द्वितिय पक्षले खरीद गर्नेछ । उपरोक्त बीउको खरीद दर संलग्न विवरणमा उल्लेख भए बमोजिम हुनेछ । सम्झौता अनुसार उत्पादन भएको बीउ प्रथम पक्षले अन्यत्र विक्री गर्न पाईने छैन । तर सम्झौतामा भएको परिमाण भन्दा बढि भएमा अन्यत्र बिक्री गर्न प्रथम पक्ष स्वतन्त्र हुने छ ।

४. प्रतिकूल मौसमका कारणले जस्तै अनाबृष्टि बाढी पहिरो ,हुरी वतास , अतिबृष्टी आदि , जस्ता दैवी प्रकोप वाट प्रथम पक्षले करार पत्रमा तोकिएको परिमाणको बीउ उपलब्ध गराउन नसक्ने भएमा सो को जानकारी द्वितिय पक्षलाई यथासिघ्र दिनुपर्नेछ ।

५. घांसबारी निरिक्षणबाट सिफारिस भएको बालीको बीउलाई परिक्षण गराउने जिम्मेवारी द्वितिय पक्षको हुने छ । बीउ परीक्षण प्रयोगशालामा गुणस्तर , चिस्यान , भौतिक शुद्धता र उमारशक्ति परिक्षण गराउनु पर्ने छ र सोको नतिजाको एक प्रति प्रथम पक्षलाई उपलब्ध गराउनु पर्ने छ । बीउ बीजन ऐन २०४५ , बीउ बीजन नियमावली २०५४ मा तोकिएको भन्दा कम गुणस्तरको बीउ खरिद गरिने छैन । राष्ट्रिय बीउ बीजन समितिले तोके बमोजिम स्तरमा आएको बीउ सम्झौता भए अनुसारको सम्पूर्ण परिमाण द्वितिय पक्षले प्रथम पक्षबाट सम्झौतामा तोकिएको मुल्यमा अनिवार्य खरिद गर्नु पर्नेछ ।

६. संभौता अनुसार तोकिएको समय र ठाउमा घाँसको बीउ कृषकले अनिवार्य रुपमा ल्याउनु पर्नेछ र नल्याएमा संभौतामा तोकिएको बीउको मूल्यको ५० प्रतिशत रकम नगदै कृषकले द्वितिय पक्षलाई हर्जाना स्वरुप बुझाउनु पर्ने छ । त्यस्तै गरी द्वितिय पक्षले संभौता अनुसारको बीउ अनिवार्य रुपमा तोकिएको समय र स्थानबाट उठाउनु पर्ने छ । बीउ नउठाएमा संभौतामा तोकिएको बीउको मूल्यको ५० प्रतिशत रकम हर्जाना स्वरुप द्वितिय पक्षले अनिवार्य रुपमा प्रथम पक्षलाई बुझाउनु पर्ने छ ।

७. उपरोक्त बमोजिमका शर्तहरु दूवै पक्षबाट पालना नभई समस्या देखा परेमा र स्थानियस्तरमा समस्या समाधान हुन नसकेमा द्वितिय पक्षले सम्बन्धित जिल्ला अदालतमा र प्रथम पक्षले द्वितिय पक्ष रहेको जिल्लाको अदालतमा पुर्पक्षका लागि जान सक्नेछन् ।

८. द्वितिय पक्षले प्रथम पक्षको नियमित रुपमा अनुगमन तथा निरिक्षण गर्नेछ ।

९. प्रथम पक्षले उत्पादन गरेको बीउ द्वितिय पक्षसम्म ढुवानी गर्नको लागि लाग्ने खर्च आपसी समझदारीमा तय गरिने छ ।

१०. द्वितिय पक्षले घाँसेबाली बिमालाई प्राथमिकता दिनु पर्नेछ ।

## सम्झौता विवरण

| क.सं. | घाँसे बाली र जात | परिमाण (किलो) | खरिद दर रु (प्रति किलो) | बुझाउने मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | जै | | | | |
| २. | बर्सिम | | | | |
| ३. | भेच | | | | |
| ४. | टिओसेन्टी | | | | |
| ५. | सुडान | | | | |
| ६. | बाज्रा | | | | |
| ७. | बहुबर्षिय घाँस | | | | |
| | | | | | |

**प्रथम पक्ष (उत्पादक) को तर्फबाट**

सही :

नाम :

पद :

संस्था :

ठेगाना :

फोन नं. :

मिति :

कार्यालयको छाप :

**कार्यालयको तर्फबाट रोहवर**

सही :

नाम :

पद :

संस्था :

ठेगाना :

फोन नं. :

मिति :

कार्यालयको छाप :

**द्वितिय पक्ष (खरिदकर्ता) को तर्फबाट**

सही :

नाम :

पद :

संस्था :

ठेगाना :

फोन नं. :

मिति :

कार्यालयको छाप :

अनुसुची ८

## घाँसको नर्सरी स्थापना सम्बन्धि व्यवस्था

घाँस विकास श्रोत केन्द्र, कृषक समुह/समिति/सहकारी, घासेबाली उत्पादक व्यवसायिक कृषकहरुमा घाँसको नर्सरी स्थापना गरी वेर्ना/स्लीप उत्पादन गर्नको लागि तपसील बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ ।

**संचालन प्रकृया :**

१. जिल्ला पशु सेवा कार्यालयको समन्वयमा घासेबाली उत्पादक ब्यवसायीक कृषक/समुह/समिति/सहकारी वा घास विकास श्रोत केन्द्र भएको स्थानमा उक्त केन्द्रलाई घासको नर्सरी स्थापनाको लागि छनौट गरिनेछ । यसरी श्रोत केन्द्र छनौट गर्दा घासको बेर्ना/स्लीप उत्पादन हुने सम्भाब्यता र नर्सरीको लागि न्यूनतम आबश्यकता पुरा गर्ने समुहलाई मात्र छनौट गर्नु पर्नेछ । स्थानीय आवश्यकता र समुहको दक्षताको आधारमा बहुबर्षिय र डाले घासको अलग अलग वा दुबै नर्सरी स्थापना गर्न सकिनेछ । एउटा नर्सरीको क्षेत्रफल कम्तीमा २ रोपनीको हुनुपर्ने छ ।

२. उक्त कृषक समुहलाई अन्तरकृया गरी अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्नेछ । यसै प्रकृयामा जिल्ला पशु सेवा कार्यालयले समुहसंग डाले घास वा बहुबर्षिय घासको नर्सरीबाट बार्षिक बेर्ना/ स्लीप उत्पादनको लागि सम्झौता गरिनेछ ।

३. नर्सरी ब्यवस्थापन तालिम ३ दिने (स्थलगत तालिम) संचालन गरी कृषकहरुलाई नर्सरीका प्राविधिक र ब्यवस्थापकीय पक्षबारे जानकारी गराईने छ ।

४. नर्सरी स्थापनाको लागि आवश्यक बीउ/बेर्ना/स्लीप/पोलिपट ढुवानी समेतको खर्च कार्यक्रमबाट निशुल्क उपलब्ध गराईने छ ।

५. नर्सरी संचालन गर्दा आवश्यक मल/औषधी/माईक्रोन्यूट्रियन्ट सहकार्यमा उपलब्ध गराईने छ ।

६. नर्सरी स्थापनाका लागि आवश्यक उत्पादन सामग्री/सिंचाई सामग्री/उपकरणहरु सहकार्यमा उपलब्ध गराईने छ । सहकार्य गर्दा कार्य संचालन प्रकृयामा तोकिए अनुसार गरिनेछ ।

७. यस प्रकृयाबाट नर्सरी स्थापना कार्यक्रम उक्त संस्थालाई एक पटकको लागि मात्र प्रदान गर्ने र त्यस पछि संस्था स्वयं आत्मनिर्भर हुनु पर्नेछ ।

८. नर्सरी स्थापना सम्बन्धी अन्य ब्यवस्था पशु सेवा विभागको विद्यमान नर्मस् बमोजिम संचालन गरिनेछ । कार्यक्रम संचालनका कममा दुविधा वा अस्पष्टता आईपरेमा सम्बन्धित जिल्ला पशु सेवा कार्यालय र राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र संग समन्वय गरी आबश्यक कार्य गर्ने गराउनु पर्ने छ ।

## अनुसुची ९

### खरिद योजनाको ढाँचा

घांसेबाली बीउ/विरूवा/सेट्स खरीद तथा वितरण योजना

| सि. नं. | घाँसको प्रकार (हिउंदे/ बर्षे/ बहुबर्षे) | घाँसको नाम | खरिद गर्ने परिमाण | ईकाइ | अनुमानित लागत रु. | खरिद विधि/ प्रक्रिया | खरिद गर्ने श्रोतको विवरण | | | घाँसको बीउमा हुनुपर्ने न्यूनतम गुणस्तर (शुद्धता, चिस्यान, उमारशक्ति) प्रतिशतमा | घाँसको बीउको गुणस्तर परिक्षण गर्ने प्रयोगशालाको नाम र ठेगाना | खरिद गर्ने महिना | वितरण गर्ने महिना | वितरण गर्ने संस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | नाम र ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क टेलिफोन | | | | | | |
| १ | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

तयार गर्ने :
दस्तखत :
पद :
मिति :

स्वीकृत गर्ने :
दस्तखत :
पद :
मिति :

द्रष्टव्य :

- यस कार्यविधिमा उल्लेख नभएको विषयहरुको हकमा पशु सेवा विभागको मापदण्ड, निर्देशिका, नर्मस् तथा प्रचलित कानून बमोजिम हुने छ ।
- सबै कार्यक्रमहरु बिनियोजित वजेट र स्विकृत कार्यक्रमको परिधि भित्र रही संचालन गर्नुपर्नेछ ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार